# प्रदेशमा वन क्षेत्रको फैलावट र खण्डीकरणको कारणबाट मानव र वन्यजन्तुविच हुने द्वन्द्व र व्यबस्थापन सम्बन्धी अध्ययनको

## कार्य क्षेत्रगत शर्त

**Terms of Reference**

**(ToR)**

आ.व. ०७७।०७८

तयार गर्ने

प्रदेश सरकार

लुम्बिनी प्रदेश

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मुकामः बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

## १.पृष्ठभूमी

नेपाल वन, वनस्पति, वन्यजन्तु, जैविक विविधताका लागि विश्वमै धनी मुलुकको रूपमा परिचित छ ।जैविक विविधता संरक्षणमा नेपालले गरेका प्रयासहरू विश्वमै प्रशंसनीय छन् । यति हुँदा हुँदै पनि वन्यजन्तुको वासस्थानको विनाश, वासस्थानको क्षयीकरण, वन अतिक्रमण, आहाराको कमी, इत्यादी कारणले गर्दा संरक्षित क्षेत्र तथा वन क्षेत्रमा रहेका वन्यजन्तुहरू मानव वस्ती, कृषि क्षेत्र, सडकमा आई जनधनको नोक्सान, पशुधनको नोक्सान, बालीनाली नोक्सान, सडक दुर्घटना लगायतका घटनाहरूमा वृद्धि भईरहेको अवस्था छ । यी घटनाहरू हुने संभावित क्षेत्र र प्रजातीहरुको पहिचान गरी समयमै उपयुक्त योजनाहरू संचालन गर्न सकिएमा मानव वन्यजन्तु बीच हुने द्वन्द्व न्युनीकरण भई संरक्षणमा थप टेवा पुग्ने देखिन्छ ।

नेपालमा संघियता कार्यान्वयनसँगै प्रदेश सरकार स्थापना भएको र लुम्बिनी प्रदेशको बर्दिया, बाँकि, दाङ, अर्घाखाँची, पाल्पा, गुल्मी, नवलपरासी जिल्लामा हात्ति, बाघ, चितुवा, बँदेल, मृग, बाँदर, निलगाई, दुम्सी लगायतका वन्यजन्तुहरूबाट मानवीय क्षति, घरपालुवा जनावरमा क्षति, अन्न वालीमा क्षति, सडक दुर्घटनाका घटनाहरूमा वृद्धि भइरहेकोअवस्था छ । प्रदेशमा संरक्षित क्षेत्र र वन क्षेत्रमा रहेका वन्यजन्तुहरूबाट हुन सक्ने संभावित द्वन्द्वका घटनाहरू अध्ययन गर्ने र अध्ययन प्रतिवेदनमा औंल्याइएका योजनाहरूलाई वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नका लागि सजिलो होस् भन्ने उदेश्यले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको चालु आ.व. २०७७/०७८ मा प्रदेशमा वन क्षेत्रको फैलावट र खण्डीकरणको कारण मानव र वन्यजन्तुविच हुने द्वन्द्व र व्यवस्थापन सम्वन्धी अध्ययन गर्ने कार्यक्रम राखिएको छ । यस मन्त्रालयमा उक्त कार्यक्रम सम्पादन गर्नका लागि सम्वन्धीत विषयगत विज्ञबाट कार्यक्रम सञ्चालन हुदाँ थप प्रभावकारी र निष्पक्ष अध्ययन हुने हुदाँ परामर्श सेवा मार्फत संचालन गर्नका लागि यो कार्य क्षेत्रगत शर्त (ToR) तयार गरिएको छ ।

## २. कार्यक्रमको लक्ष्य

यस कार्यक्रमको मुख्य लक्ष्य मानव वन्यजन्तु द्वन्द्वको मुल कारणहरू पहिचान गरी सम्भाव्य द्वन्द्व न्यूनीकरणका उपायहरू खोजी गरी यसको कार्यान्वयनबाट आगामी दिनहरूमा द्वन्द्व न्यूनीकरणमा सहयोग पुऱ्याउनु रहेको रहेको छ ।

## ३. कार्यक्रमको उद्देश्य

यस कार्यक्रमका मुख्य उदेश्यहरू निम्नानुसार रहेका छनः

१. मानव वन्यजन्तु द्वन्द्वको स्थान पहिचान गर्ने ।

२. मानव वन्यजन्तु द्वन्द्वको प्रकृति, कारण, उपाय र समाधानहरू पत्ता लगाउने ।

३. मानव वन्यजन्तु द्वन्द्वका उच्च जोखिमयुक्त क्षेत्र निर्धारण गरि प्रत्येक जिल्लामा प्रजातीगत र क्षेत्रगत रूपमा जोनिंग गर्ने र वन खण्डीकरण अथवा फैलावट संग सो को सम्वन्ध विश्लेषण गर्ने

महाशाखा प्रमुख

४. हाल विभिन्न जिल्ला तथा उच्च रूपमा द्वन्द्व रहेको क्षेत्रमा प्रयोग गरिएको मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका उपायहरूको विश्लेषणात्मक अध्ययन गर्ने र उपयुक्त उपायहरू सुझाउने ।

५.मानव वन्यजन्तु द्वन्द्वका हिसाबले उच्च जोखिममा रहेका क्षेत्रहरूको द्वन्द्व न्यूनिकरण र व्यवस्थापनको लागि Site level Action Plan सहितको उच्च जोखिममा रहेका ५ वटा क्षेत्रको विस्तृत प्रतिवेदन तयार गर्ने ।

६. जिल्लागत रुपमा Human Wildlife Conflict न्यूनीकरण गर्न अपनाएका स्थानीय विधि पहिचान (Indigenous Method) पहिचान गर्ने ।

### ४. अध्ययनको कार्यक्षेत्र

यस अध्ययनको क्षेत्र लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटै जिल्लामा मानव वन्यजन्तु द्वन्द सम्वन्धमा भए गरेका कम्तिमा विगत ५ वर्षका घटनाहरूको विश्लेषण गर्नुपर्नेछ । यसका लागि परामर्शदाताले सम्वन्धित जिल्लामा रहेका डिभिजन वन कार्यालयहरू, राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र, स्थानिय तह तथा अन्य सम्बन्धित सरोकारवालाहरु संग समन्वय गरी काम गर्नुपर्ने छ । उच्च जोखिमा रहेका क्षेत्रमा अध्ययन टोली स्थलगत रुपमा नै पुगी डिभिजन वन वा निकुन्ज कार्यालयको कर्मचारीको उपस्थितीमा छलफल गरी राय सुझाव संकलन र वन क्षेत्रको निरिक्षण गरी कारण तत्वहरुको प्राथमिकरण गरी सुची तयार गर्नुपर्ने र सरोकार वालाकै राय बमोजिम न्यूनिकरणका उपायहरु सुझाउनु पर्नेछ ।

### ५. परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु :-

परामर्शदाता संस्थाले लुम्बिनी प्रदेशमा मानव र वन्यजन्तु बिच हुने द्वन्द्व र व्यबस्थापन सम्बन्धी अध्ययन कार्यका लागि देहाय बमोजिम कार्यहरु गर्नुपर्नेछ ।

| सि.नं. | सम्पादन गर्नुपर्ने कार्यहरु | कार्यवोझ (प्रतिशत) |
|---|---|---|
| १. | सरकारी तथा गैर सरकारी निकायहरुबाट संरक्षित क्षेत्र, वन क्षेत्र, मानव वस्ती क्षेत्र, कृषि क्षेत्र, सडक क्षेत्रमा हुने गरेका मानव-वन्यजन्तु द्वन्द्व सगं आवद्ध प्रकाशित तथा अप्रकाशित विभिन्न अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने । | २०% |
| २. | (क) मानव वन्यजन्तु द्वन्द्वको प्रकोप वढी हुने गरेका हालका स्थानहरू पहिचान गर्ने र विगत ५ वर्षमा भएका मुख्य मुख्य मानववन्यजन्तु द्वन्दका घटनाहरू र क्षतीको विवरण तयार तथा नक्साकन गर्ने ।<br>(ख) प्रदेशका सवै जिल्लाहरु द्वन्द्वले समस्याग्रस्त स्थलमा पुगी मानव र वन्यजन्तद्वन्द्वको वर्तमान अवस्थाको विश्लेषण गर्ने र भावी दिनहरुमा मानव र वन्यजन्तु द्वन्द्व न्यूनीकरणका उपायहरुको बारेमा अध्ययन, छलफल, अन्तरक्रिया गर्ने | २०% |

महाशाखा प्रमुख

| | | |
|---|---|---|
| ३. | (क) संरक्षित क्षेत्र तथा वन क्षेत्र भित्र र बाहिर विभिन्न मानववन्यजन्तु द्वन्द्व जस्तै सडक, सार्वजानिक स्थल कृषि वाली, ईत्यादी प्रकृति पहिचान गरि तथ्यांक संकलन गर्ने र सोको निराकरण/न्यूनीकरणका उपायहरुको पहिचान तथा सिफारिश गर्ने ।<br><br>(ख) संरक्षित क्षेत्र, वन क्षेत्र, मानव वस्ती क्षेत्र, कृषि क्षेत्र, सडक तथा अन्य क्षेत्रमा हुने धनजनको क्षति वा नोक्सान, पशुधनको नोक्सान, सम्पत्तिको नोक्सानीको विवरण तयार गर्ने । | २५% |
| ४. | (क) मानव वन्यजन्तु द्वन्द्वका उच्च जोखिमयुक्त क्षेत्र निर्धारण गरि प्रत्येक जिल्लामा प्रजाती अनुसार मानव वन्यजन्तु द्वन्द्व हुने क्षेत्रका नक्संकन गर्ने ।<br>(ख) मानव र वन्यजन्तु द्वन्द्व निराकरण तथा न्यूनीकरणका लागि नीतिगत संरचनाको सिफारिश गर्ने ।द्वन्द न्यूनीकरणका स्थानीय प्रविधिहरुको पहिचान गर्ने<br>(ग) न्यूनिकरणको उपायहरु सिफारिश गर्दा वन क्षेत्र भित्र गर्नुपर्ने क्रियाकलापहरु, गाउँवस्तीमा गर्नुपर्ने कृयाकलापहरु, खेती योग्य जमिनमा गर्नुपर्ने कृयाकलापहरु, आनीवानी र व्यवहारमा परिवर्तन गर्नुपर्ने कृयाकलापहरु, सचेतना/प्रचार प्रसार सम्बन्धि कृयाकलापहरु गरी विविध विषयगत क्षेत्रमा जोखिमपूर्ण स्थलको वारेमा अलग अलग र समष्टिगत रुपमा एकमुष्ट पेश गर्नुपर्नेछ | २०% |
| ५. | जोखिमपूर्ण क्षेत्रमा द्वन्द्वसँग सम्वन्धीत प्रजातीहरु रहेको अनुमानित संख्या, उमेर, समूह प्रवृती आदी समेत उल्लेख गर्ने । यिनीहरुको संख्या, उमेर समूह र प्रवृतीको गहिरो विश्लेषण हरेक स्थलको अलग अलग रूपमा तयार गर्ने । | १५% |
| | जम्मा | १००% |

## ६.कार्य सम्पादन गर्ने विधी (Methodology)

### ६.१ फिल्ड जानु पहिले

- सरकारी निकाय तथा अन्य सघंसंस्थाबाट प्रकाशित तथा अप्रकाशित विभिन्न अभिलेख, राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, राष्ट्रिय नीति, नियम तथा कानूनहरुको अध्ययन तथा विश्लेषण गर्ने ।
- प्रारम्भिक प्रतिवेदन Inception Report तयार गरी मन्त्रालयमा प्रस्तुती गर्ने ।

### ६.२ फिल्डमा गर्नुपर्ने कार्य र विधी

- लुम्बिनी प्रदेशका सवै जिल्लाहरुमा पुगी मानव र वन्यजन्तुविच हुने द्वन्द्वको अध्ययन गर्ने ।
- फिल्डस्तरका यस कार्यसँग सम्बन्धित सरोकारवालाहरूसँग पर्याप्त मात्रामा छलफल गर्ने (उक्त छलफलको माइन्युट पेश गर्नुपर्ने) ।
- सि नं. ५ मा उल्लेखित कार्यहरू गर्न ।

नोटः परामर्शदाता संस्थाले यस कार्यको अध्ययन विधि विस्तृत रूपमा प्राविधिक प्रस्तावमा पेश गर्नुपर्नेछ ।

महाशाखा प्रमुख

६.३ फिल्ड कार्य पश्चात गर्ने कार्य र विधी

- स्थलगत अध्ययनमा प्राप्त विवरणका आधार तथा विभिन्न अभिलेखहरुको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।
- प्रतिवेदन नेपाली भाषमा हुनुपर्नेछ र प्रतिवेदनको सारांश नेपाली र अंग्रेजी भाषामा लेखुपर्नेछ।
- जैविक विविधताको संरक्षण र यसको दिगो उपयोग र विकासको लागि व्यवस्थापन योजना तयार गर्न सुझाव पेश गर्नुपर्नेछ।
- प्रतिवेदन दश प्रति (फोटोहरूको हकमा रङ्गिन प्रिन्ट) Hard Copy र Soft Copy समेत पेश गर्नुपर्नेछ ।

७. अनुगमन र सहजीकरण

सेवा प्रदायक संस्थाले मन्त्रालयको नियमित सम्पर्क र समन्वयमा काम गर्नु पर्नेछ। मन्त्रालयले आवश्यक ठानेको अबस्थामा अनुगमन गर्ने, सुझावहरु प्रदान गर्ने सहजीकरण गर्नुपर्ने अबस्थामा सम्बन्धित निकायहरु सँग सहजीकरण गर्न सक्नेछ।

८. मन्त्रालयले गर्ने सहयोग :

मन्त्रालयले मातहतका सम्बन्धित फिल्ड कार्यालयहरु सँग समन्वय र भए गरेका तथ्याङ्क/प्रकाशनहरुलाई समन्वय गरिदिनेछ। यातायात खर्च, बास खर्च लगायत अध्ययन सग सवै लाग्ने सम्पुर्ण खर्च परामर्शदाताले नै व्यहोर्नुपर्ने छ ।

९. परामर्श दाताले पेश गर्नुपर्ने प्रतिवेदनहरु र अन्य विषयहरु

९.१ प्रारम्भिक प्रतिवेदन (Inspection report)

- पहिले भएका समान प्रकृतिका अध्ययन र निचोडहरु
- अध्ययनको अन्तिम विधी
- प्रारम्भिक जानकारीहरु
- फिल्डको समय तालिका र समग्र कामको तालिका

९.२ फिल्ड प्रतिवेदन

- संकलन गरिएका तथ्याङ्क
- तयार गरिएका नक्साहरु
- अध्ययन गरिएका क्षेत्रको/स्थलको GPS location
- फिल्ड फोटोहरु
- जोखिमपूर्ण स्थानमा स्थानिय सरोकारवाला सँगै भएका छलफलका माईनुटहरु ।

महाशाखा प्रमुख

## ९.३ मस्यौदा प्रतिवेदन

कार्यक्रमको उद्देश्य बमोजिम संकलित तथ्याङ्कको विश्लेषण सहित सि.नं. ५ मा उल्लेखित सवै विषयहरु समेटीएको मस्यौदा प्रतिवेदन मन्त्रालयका सुझावको लागी पेश गर्नुपर्नेछ ।

## ९.४ कार्यशाला गोष्ठी

मन्त्रालयवाट प्राप्त सुझावलाई समेत समेटी तयार भएको अन्तिम मस्यौदा प्रतिवेदनलाई परामर्शदाताले मन्त्रालय र सरोकारवालाको उपस्थितीमा कार्यशाला गोष्ठीको आयोजना गरी सुझाव संकलन गर्नुपर्नेछ ।यसको खर्च परामर्शदाताले वेहोर्नुपर्नेछ ।

## ९.५ अन्तिम प्रतिवेदन

मन्त्रालयमा भएको सरोकारवाला सँगको अन्तिम छलफलबाट प्राप्त सुझाव समेत समेटेर अन्तिम प्रतिवेदन तोकिएको मिती भित्रै पेश गर्नुपर्नेछ । प्रतिवेदन पेश गर्दा डिजिटल कपी, तोकिएको संख्यामा Hard copy र सम्झौतामा तोकिएका अन्य विवरणहरु पेश गर्नुपर्नेछ ।

## १०. समय सिमा :

यस कार्यको लागि कुल ४ महिना १५ दिन समय तोकिएको छ । परामर्शदाताले निम्न समय सिमामा निम्न मुख्य कार्य सम्पादन गर्नुपर्नेछ ।

| सि.नं. | कार्य प्रगती सुचक | समय सिमा |
|---|---|---|
| १. | प्रारम्भिक प्रतिवेदन पेश | संझौता भएको मितिले १५ दिन भित्र |
| २. | फिल्ड प्रतिवेदन पेश | संझौता भएको मितिले २ महिना १५ दिन भित्र |
| ३. | मस्यौदा प्रतिवेदन पेश | संझौता भएको मितिले ३ महिना १५ दिन भित्र |
| ४. | अन्तिम प्रतिवेदन पेश | संझौता भएको मितिले ४ महिना १५ दिन भित्र |

## ११. मुख्य जनशक्ती, जनशक्ती को योग्यता र उपलब्ध गराउनु पर्ने समय

परामर्श दाताले कार्य सम्पादनको लागी निम्न जनशक्तीको टिम निम्न समयको लागी उपलब्ध हुने सुनिश्चिता गर्नुपर्नेछ ।

| क्र. स. | जिम्मेवारी | विज्ञता | शैक्षिक योग्यता | जना | समय (महिना) |
|---|---|---|---|---|---|
| १ | टोली प्रमुख | संरक्षण क्षेत्र/मानववन्यजन्तु द्वन्द्वव्यवस्थापन क्षेत्रमा कम्तीमा ५ वर्ष सम्म अध्ययन, व्यवस्थापन | वन विज्ञान / वन्यजन्तु व्यवस्थापनविषयमा स्नातकोत्तर | १ | ४.५ |

महाशाखा प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | योजनातयारी प्रतिवेदन लेखन, व्यवस्थापन योजना निर्माण संबन्धी अनुभव भएको हुनुपर्नेछ | | | |
| २ | वन विज्ञ र वन्यजन्तु द्वन्द्व विशेषज्ञ | वन विज्ञान विषयमा स्नातकोत्तर | वनव्यबस्थापन, मानववन्यजन्तु द्वन्द्व व्यबस्थापन, लेखन संबन्धी कम्तीमा ३ वर्षको अनुभवभएको हुनुपर्नेछ । | १ | ४ |
| ३ | लैंगिकतथा सामाजिक समावेशीकरण विशेषज्ञ/ सामाजशास्त्री | वन विज्ञान/वन्यजन्तु व्यबस्थापन/प्राकृतिकश्रोत व्यबथापनविषयमा स्नातकोत्तर | लैंगिकतथा सामाजिक समावेशीकरण, प्राकृतिकश्रोत व्यबस्थापन, मानववन्यजन्तु द्वन्द्व व्यबस्थापन संबन्धी कम्तीमा ३ वर्षको अनुभव प्राप्त महिला हुनु पर्नेछ । | १ | २ |
| ४ | GIS विज्ञ | वन विज्ञान/प्राकृतिक श्रोत व्यबस्थापन/ GIS विषयमा स्नातकोत्तर | GIS विषयको तालिम लिई श्रोत व्यबस्थापन, आवधिक योजना निर्माण लगायत क्षेत्रमा नक्शा निर्माण संबन्धी कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्नेछ । | १ | २ |
| ५ | वन प्राविधिक | वन विज्ञान/वन्यजन्तु व्यबस्थापन/प्राकृतिक श्रोत व्यबथापन विषयमा स्नातक | वन विज्ञान र वातावरण विज्ञानरप्राकृतिकश्रोत व्यबस्थापन/ वन्यजन्तु व्यबस्थापन विषयमा स्नातक | २ | ४ |

**नोट-** छिटो र गुणस्तरिय कार्य सम्पादन गर्नको लागी परामर्शदाताले माथि उल्लेखित जनशक्ति बाहेक सोही बमोजिमको योग्यता पुगेका थप जनशक्ती परिचालन गरी कार्य सम्पन्न गर्न सक्नेछ र कार्य संचालन गर्नु पुर्व प्रयोग गरिएको थप जनशक्तिको विवरण र बायोडाटा यस मन्त्रालयमा पेश गर्नु पर्नेछ । थप जनशक्ति प्रयोग भएको अवस्थामा सम्झौतामा उल्लेख भए बाहेक यस मन्त्रालयबाट थप रकम उपलब्ध गराईने छैन ।

**१२. परामर्श दाता संस्था/फर्म/कम्पनीको वान्छनीय योग्यताः**

प्रस्ताव गरेको काम सँगै मिल्ने समान प्रकृतीको कामको कम्तीमा ५ वर्षको अनुभव परामर्शदातामा हुनुपर्दछ । उक्त कागजातका अतिरिक्त परामर्श दाताले आसय पत्र साथ निम्न कागजात पेश गर्नुपर्नेछ ।

- प्रस्ताव सम्वन्धी आवेदन
- संस्थाको उद्देश्य र लक्ष्यहरु
- संस्थाको कानूनी दस्तावेज (दर्ता, नविकरण, भ्याट/प्यान दर्ता, कर चुक्ता)

महाशाखा प्रमुख

- विगत ३ वर्षमा भएको आर्थिक कारोवारको विवरण
- कामसँग सम्वन्धित भौतिक संरचना औजार उपकरणहरुको उपलब्धता
- संस्था, कालो सूचीमा नपरेको स्वघोषित पत्र
- प्रस्ताव गरेका विज्ञहरुको सहमती पत्र, सोही समयमा अन्यत्र कार्य नगर्ने स्वघोषणा र व्यक्तीगत विवरण (CV)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

१३. प्रस्तावको छनौट :-

(क) प्रस्ताव माग

ईच्छुक परामर्शदाता संस्थाहरुलाई पन्ध्र दिनको समय दिई बुँदा नं. १२ वमोजिमका कागजात सहित प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै शिलवन्दी गरी पेश गर्न राष्ट्रियस्तरको पत्रिका र कार्यालयको वेभसाईटमा सूचना प्रकाशन गरिनेछ । प्राविधिक र आर्थिक प्रस्तावको ढाचाँ अनुसुची (१) र अनुसुची (२) वमोजिम हुनेछ ।

(ख) प्रस्तावको छनौट

सि.नं. १३(क) वमोजिम पर्न आएका प्राविधिक तथा आर्थिक प्रस्तावहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेखित प्रावधानहरुको आधारमा रही मूल्याङ्कन गरिने छ । पहिले प्राविधिक प्रस्ताव मूल्याङ्कन गरेर मात्र आर्थिक प्रस्तावको मूल्याङ्कन गरिनेछ । प्राविधीक प्रस्तावको मूल्याङ्कन भार ८० % र आर्थिक प्रस्तावको मूल्याङ्कन भार २०% हुनेछ । मूल्याङ्कनमा सवैभन्दा वढी अङ्क प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागी छनौट गरिनेछ ।

## १४. कार्यक्रमको लागी वजेट

यस कार्यक्रमको लागी कूल रु १३.२२ लाख (भ्याट समेत) रहेको छ ।

१५. उपलब्ध गराउनुपर्ने विवरण सामाग्रीहरु:-

- जोखिमपूर्ण स्थामा फोटोहरु
- जोखिमपूर्ण स्थानमा GIS Map हरु ।
- अन्तरकृया छलफलका फोटोहरु र माईनुटहरु ।
- विगतका घटनासँग सम्वन्धित फोटोहरु दोस्रो दर्जाका माध्यमवाट प्राप्त भएमा सो समेत ।
- अध्ययन प्रतिवेदनका सम्पूर्ण अधिकार मन्त्रालयको हुनेछ । मन्त्रालयको अनुमति बेगर अन्यत्र प्रयोग गर्ने पाईने छैन ।

महाशाखा प्रमुख

## अनुसुची-१

## प्राविधिक प्रस्तावको ढाचाँ

परामर्शदाता संस्थाले देहाय बमोजिम ढाँचामा प्राविधिक प्रस्ताव पेश गरेको निवेदन सहित प्राविधिक प्रस्ताव पेश गर्नुपर्नेछः

- परामर्शदाता संस्थाको परिचय (संस्थाको नाम, ठेगाना, संपर्क फोन, सम्पर्क व्यक्ति, इमेल र अन्य उपयुक्त विवरण)
- परामर्शदाता संस्थाको अनुभव
- अध्ययन विधि (Methodology)
- कार्ययोजना (Action Plan)
- प्रस्तावित जनशक्ति(Human Resource)
- अध्ययनको सीमितता(Limitations)

परामर्शदाता संस्थाले प्राविधिक प्रस्ताव साथ देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछः

- संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र
- मु.अ.कर दर्ताको प्रमाणपत्र
- कालो सूचीमा नपरेको स्वघोषणा पत्र
- आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र
- संस्थाको अनुभव खुल्ने कागजातहरू (प्रस्तावसँग संबन्धित वढीमा ५ वटा सम्म)
- विगतमा सीप तथा प्रविधी हस्तान्तरण संबन्धी गरेका कृयाकलापहरू खुल्ने कागजात
- प्रस्ताव गरिएका जनशक्तिको संवन्धित व्यक्तिले Endorse गरेकोव्यक्तिगत विवरण (CV) Original हस्ताक्षर समेत
- प्रस्तावित जनशक्तिको Relevant /माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र ।

महाशाखा प्रमुख

# अनुसुची-२

## आर्थिक प्रस्तावको ढाचाँ

> परामर्शदाताले देहाय बमोजिम आर्थिक परिधि भित्र रही प्रतिवेदन पेश गर्नुपर्नेछ ।

| क.स. | विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | जनशक्ती<br>क<br>ख<br>ग | | | | | |
| | वैठक/अन्तरकृया छलफल<br>मसलन्द/सामग्री<br>सवार/यातायात<br>रिपोर्ट तयारी<br>विविध | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर | | | | | |
| | कूल जम्मा | | | | | |

महाशाखा प्रमुख